बुढानीलकण्ठ नगरपालिका

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८२

जेष्ठ, २०८२

विषयसूची

विषयसूची I

तालिकाहरूको सुची III

चित्रहरूको सुची V

परिच्छेद-१: परिचय 1

१.१ पृष्ठभूमि 1

१.२ विद्यमान नीतिगत र कानूनी व्यवस्था 3

१.३ कार्यढाँचाको उद्देश्य 5

परिच्छेद-२ : विपद् र जोखिमको बुझाइ 6

२.१ नगरपालिकाको सामान्य विवरण 6

२.१.१ भौतिक अवस्था 13

२जैविक वातावरण १.२. 16

२सा १.३.माजिक अवस्था 17

२.२ प्रकोप, सम्मुखता, सङ्कटासन्नता, क्षमता र जोखिमको विश्लेषण 24

२प्रकोप विश्लेषण र लक्षित प्रकोप निर्धारण .२.१. 24

२प्रकोप विश्लेषण २.१.१. 24

२सम्मुखता २.२., सङ्कटासन्नता र क्षमताको विश्लेषण : 4

२स्रोतको विश्लेषण .२.३. 22

२.३ जोखिम र समस्या विश्लेषण खाका 55

२.४ बुढानीलकण्ठ नगरपालिकाको विपद् जोखिम शासकीय पद्धतिको विस्तृत विश्लेषण 57

परिच्छेद-३: विपद् तथा जलवायु उत्थानशील योजना 61

३.१ सोच, लक्ष्य र रणनीति 61

३.२ विपद् जोखिम न्यूनीकरणका उपायहरु 61

३तथा जलवायु परिवर्तन जोखिम विपद् :१ प्राथमिकताका क्षेत्र २.१. बुझाइ 62

३तथा जलवायु परिवर्तन जोखिम स्थानीय तहमा विपद् :२ प्राथमिकताका क्षेत्र २.२. शासकीय पद्धतिको सुदृढीकरण 74

३तथा जलवायु परिवर्तन उत्थानशीलता वृद्धिका लागि विपद् :३ प्राथमिकताका क्षेत्र २.३. जोखिम न्यूनीकरणमा निजी तथा सार्वजनिक लगानी 79

३पूर्वतयारीको सुदृढीकरण प्रभावकारी प्रतिकार्यका लागि विपद् : ४ प्राथमिकताका क्षेत्र २.४. 82

३पुनर्लाभ : ५ प्राथमिकताका क्षेत्र २.५., पुनर्स्थापना र पुनर्निर्माणमा अझ बलियो र राम्रो 107

३तालिम र क्षमता अभिवृद्धि : ६ प्राथमिकताका क्षेत्र २.६. 119

३बहुप्रकोप पूर्व सूचना प्रणाली : ७ प्राथमिकताका क्षेत्र २.७. 128

३२.,८ प्राथमिकताका क्षेत्र ८ जोखिम हस्तान्तरण र वित्तीय व्यवस्थापन विपद् : 131

परिच्छेद-४: बजेटको विनियोजन र विकास योजनामा मूलप्रवाहीकरण 139

४.१ स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि लगानीको न्यूनतम लक्ष्य 139

४सरोकारवाला निकायसँग समन्वय १.१. 139

४जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगानी बजेट स्थानीय विपद् १.२. 139

४.२ आवधिक र वार्षिक विकास योजनामा मूलप्रवाहीकरणको योजना 140

४व्यवस्थापन कोष विपद् २.१. 140

४आवधिक २.२./वार्षिक बजेटमा मूलप्रवाहीकरण 142

परिच्छेद-५: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्न 145

५.१ कार्यान्वयन कार्ययोजना 145

५.२ अनुगमन र मूल्याङ्कन **147**
१मूल्यांकन संयन्त्रको उद्देश्य . 148
४मूल्यांकन कार्यपद्धति . 149

५.३ समीक्षा र परिमार्जन **149**

तालिकाहरूको सुची

तालिका १ : नगरपालिकाको सङ्क्षिप्त विवरण 6
तालिका २ : नगरपालिकाको जलवायु सम्बन्धि विवरण 14
तालिका ३ : काठमाडौं उपत्यकामा वर्षा र तापक्रममा भएको परिवर्तन 15
तालिका ४ : नगरपालिकामा रहेका जलश्रोत सम्बन्धि विवरण 16
तालिका ५ : नगरपालिकामा रहेका वन क्षेत्र सम्बन्धि विवरण 17
तालिका ६: बुढानिलकण्ठ नगरपालिकाका वडा अनुसारका प्रमुख टोल तथा बस्तीहरू 17
तालिका ७ : घरधुरी विवरण 18
तालिका ८ : जातजातिको विवरण 19
तालिका ९ : उमेरगत जनसंख्या 20
तालिका १० : ६८ वर्ष उमेर माथिको जनसंख्या 21
तालिका ११ : अपाङ्ताको जनसंख्या 22
तालिका १२ : घरको किसिम 23
तालिका १३ : घरको छानाको किसिम 24
तालिका १४ : नगरपालिकामा हुन सक्ने संभावीत प्रकोपका प्रकार 25
तालिका वडाको ऐतिहासिक प्रकोपका :१५ घटनाहरूको सूचना (भौगोलिक) 28
तालिका (आर्थिक-सामाजिक) वडाको ऐतिहासिक प्रकोपका घटनाहरू :१६ 1
तालिका १७ : द्वितीय स्रोतबाट संकलित तथ्यांक 1
तालिका १८ : बुढानिलकण्ठ नगरपालिकामा जोखिम रहेका विपदको स्तरीकरण 1
तालिका १९ : बुढानिलकण्ठ नगरपालिका मौषम पात्रो (महिना र प्रकोप अनुसार) 3
तालिका २० : बुढानिलकण्ठ नगरपालिका अव्यवस्थित बस्ती विवरण 4
तालिका २१ : बुढानिलकण्ठ नगरपालिकामा रहेका जोखिम वस्तीको विवरण 5
तालिका 22खुला स्थानको विवरण : 23
तालिका वडामा रहेका सार्वजनिक भवन :२३ 28
तालिका 24नगरपालिकाका विभिन्न वडामा रहेका स्वास्थ्य संस्था : 35

तालिका 25नगरपालिकाका विभिन्न वडामा रहेका स्कुल बुढानिलकण्ठ : 39
तालिका २६ : नगरपालिकाको स्रोत उपलब्धता तथा पहुँच 47
तालिका २७ : स्वास्थ्य तथा पोषण क्षेत्र अन्तर्गत रहेका स्रोत, साधनको विवरण 49
तालिका २८ : खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्धन क्षेत्र अन्तर्गत रहेका स्रोत, साधनको विवरण 51
तालिका २९ : आपत्कालीन आश्रय र गैरखाद्य तथा शीघ्र पुनर्लाभ क्षेत्र अन्तर्गत रहेका स्रोत, साधनको विवरण 51
तालिका ३० : संरक्षण तथा सुरक्षा र आपत्कालीन शिक्षा क्षेत्र अन्तर्गत रहेका स्रोत, साधनको विवरण 52
तालिका ३१ : स्थानीय ज्ञान, सिप, क्षमता र प्रविधिको विश्लेषण 52
तालिका ३२ : नगरपालिका भित्र रहेका कार्यालय संघसंस्था 53
तालिका ३३ : नगरपालिका भित्र रहेका प्राकृतिक श्रोत साधन 55
तालिका ३४ : बुढानिलकण्ठ नगरपालिका विपद्को कारण र असर विश्लेषण तालिका 55
तालिका ३५ : विभिन्न क्षेत्रबाट प्राप्त वडागत अंकभार 60
तालिका ३६ : अंकभार अनुसारको सङ्कटासन्नता विश्लेषण 60
तालिका ३७ : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगानी बजेट 140
तालिका ३८ : आवधिकवार्षिक बजेटमा मूलप्रवाहीकरण/ 143
तालिका ३९ : कार्यान्वयन कार्ययोजना 146

चित्रहरूको सुची

चित्र १: नगरपालिकाको वडागत नक्सा 2
चित्र २: बुढानिलकण्ठ नगरपालिकाको भौगोलिक नक्सा 8
चित्र ३: बुढानिलकण्ठ नगरपालिकाको भौगर्भिक नक्सा 9
चित्र ४: बुढानिलकण्ठ नगरपालिकाको भूउपयोग नक्सा- 11
चित्र ५: भूकम्पको कारण अवरुद्ध हुन सक्ने सडक 12
चित्र ६: भूकम्पको जोखिम अनुसारको वर्गीकरण 13
चित्र ७: पहिरो जोखिम क्षेत्र तथा बस्ती 15
चित्र ८: औधोगिक जोखिम क्षेत्र 15
चित्र ९: बाढीडुवान जोखिम क्षेत्र/ 16
चित्र १०: आगलागी जोखिम क्षेत्र 17
चित्र ११: आगलागी जोखिम बस्ती 18
चित्र १२: वडागत विपदका घटनाको संख्या 19
चित्र १३: बुढानिलकण्ठ नगरपालिकामा अवस्थित खुला क्षेत्र 27
चित्र १४: बुढानिलकण्ठ नगरपालिकामा अवस्थित स्वास्थ्य संस्था 38
चित्र १५: बुढानिलकण्ठ नगरपालिकामा अवस्थित विद्यालय 45
चित्र १६: बुढानिलकण्ठ नगरपालिकामा आकस्मिक सेवा संस्थाको अवस्थिति 46
चित्र १७: नगरपालिकाको विपद सम्बन्धि शासकीय पद्धतिको अवस्था 59

परिच्छेद-१: परिचय

१.१ पृष्ठभूमि

बागमती प्रदेश, काठमाडौं जिल्लामा अवस्थित बुढानीलकण्ठ नगरपालिका, नेपाल सरकार, तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१ मङ्सिर १६ गतेको मन्त्रीस्तरीय निर्णयबाट चपली, भद्रकाली, खड्का भद्रकाली, चुनिखेल, महाङ्काल, विष्णु बुढानीलकण्ठ र कपन गरी ६ वटा गा.वि.स.हरू मिलाएर १९ वडामा विभाजन गरी प्रशासकीय हिसाबले समायोजन गरिएको थियो।तर नेपाल सरकारको मिति २०७३ फाल्गुन २७ गतेको निर्णयले साविककै १९ वटा वडाहरूलाई १३ वटा वडाहरूमा पुनः समायोजन गरी यसको अन्तिम प्रशासकीय ढाँचा तयार गरिएको हो । नेपालको राजधानीमा अवस्थित काठमाडौं जिल्लाका ११ वटा स्थानीय तहमध्येको एक यस नगरपालिका उत्तरतर्फ नुवाकोट जिल्लासँग जोडिएको तथा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, दक्षिणमा काठमाडौं महानगरपालिकाको वडा नम्बर ३, ४, ६, ७ र टोखा नगरपालिकाको वडा नम्बर ४ धापासी रहेको छ । त्यस्तै पश्चिमतर्फ टोखा नगरपालिका पर्दछ भने पूर्वतर्फ गोकर्णेश्वर नगरपालिका र काठमाडौं महानगरपालिकाको वडा नम्बर ६ सँग जोडिएको छ । काठमाडौं उपत्यकाका थुप्रै धार्मिक स्थलहरूमध्ये बुढानीलकण्ठ नगरपालिका पनि महत्वपूर्ण मानिन्छ । उत्तरी भागमा शिवपुरीका फेदीमा रहेको यो स्थल शैव, वैष्णव र बौद्ध धर्मालम्वीको आस्थाको क्षेत्र हो । बुढानीलकण्ठ नगरपालिका यसै प्रसिद्ध धार्मिक स्थलको नामबाट नामकरण गरिएको हो । आवासीय क्षेत्र धेरै रहेको यस नगरपालिकाको उत्तरतर्फ शिवपुरी पर्वत श्रृङ्खला लगायत हरियाली जङ्गल रहेको क्षेत्र भिरालो भूभाग पनि रहेको छ भने दक्षिणतर्फ समथर भूभाग रहेको र अधिकांश भूभाग बाक्लो बस्तीले ढाकेको छ । यस क्षेत्रमा विष्णुमती, रूद्रमती, धोबीखोला, यज्ञमती, च्यानेखोला जस्ता नदीखोलाहरू रहेकाछन् ।

यस नगरपालिकाभित्र प्रसिद्ध बुढानीलकण्ठ मन्दिर चण्डेश्वर मन्दिर, रूद्रेश्वर, भद्रकाली, पञ्चकन्या, शिव, कृष्ण, वंगलामुखी जस्ता देवदेवीका मन्दिरहरू रहेका छन् । बौद्धमार्गीहरूका चर्चित सार्वजनिक गुम्बा श्री डाङ्चूर झयाङ्गतेरा दाग्र्यालिङ गुम्बा, आनी गुम्बालगायत बौद्ध धार्मिकस्थलहरू रहेका छन् । त्यस्तै, विभिन्न धर्मालम्बीहरूका आस्थाका केन्द्रहरूसमेत रहेका छन् ।

बुढानीलकण्ठ नगरपालिका विभिन्न प्राकृतिक तथा मानवजन्य प्रकोपहरूको उच्च जोखिममा रहेको स्थानीय तह हो। यहाँ भूकम्प, आगलागी, डढेलो, बाढी, डुबान, पहिरो, महामारी (कोभिड-१९, डेंगु), जनावर आतंक, र सडक दुर्घटनाहरू प्रमुख प्रकोपका रूपमा पहिचान गरिएका छन्। यी विपद्हरूले जनधनमा क्षति पुऱ्याउनुका साथै बालबालिका, वृद्ध, अपांगता भएका व्यक्ति र सुकुम्बासी बस्तीहरूमा प्रत्यक्ष असर पुऱ्याएका छन्। आगलागी, डढेलो र पहिरोको जोखिमयुक्त क्षेत्रहरूमा प्राथमिक उपचार,

उद्धार, दमकल सेवा र सुरक्षित स्थलहरूको अभाव देखिन्छ, जसले संकटासन्नता अझ बढाएको छ।



चित्र १: नगरपालिकाको वडागत नक्सा

नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका लागि विभिन्न नीति, योजना र कार्यक्रमहरू अगाडि सारेको छ। विपद् व्यवस्थापन ऐन २०७७, कार्यविधि तथा स्वयंसेवक परिचालन निर्देशिकाका आधारमा विपद् व्यवस्थापन समिति गठन भइसकेको छ। साथै, खुला स्थानको व्यवस्थापन, चेतना अभिवृद्धि, प्राथमिक उपचार तालिम, र स्वयंसेवक परिचालन लगायतका क्रियाकलापहरू संचालनमा छन्। यद्यपि, पूर्वसूचना प्रणाली, स्रोत साधनको पहुँच, र समन्वय संयन्त्र अझै सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ। संकटासन्नता स्तरीकरणको आधारमा कच्ची घरधुरी, वृद्ध जनसंख्या, अपांगता, अव्यवस्थित बस्ती, कवाडी केन्द्र, दमकल नपुग्ने क्षेत्र, पहिरो सम्भावित स्थान, र बाढी डुबान जोखिम भएका क्षेत्रहरूमा उच्च प्राथमिकता दिई वडागत योजना निर्माण तथा DRRM कार्यक्रम विस्तार गर्नुपर्ने देखिन्छ।

१.२ विद्यमान नीतिगत र कानूनी व्यवस्था

बुढानिलकण्ठ नगरपालिकाले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई सुदृढ पार्न बुढानिलकण्ठ " नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७", "बुढानिलकण्ठ नगरपालिकाको विपद् व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७बुढानिलकण्ठ नगरपालिका " र " स्वयंसेवक परिचालन निर्देशिका, २०७७जस्ता कानुन "हरु पारित गरिसकेको छ । यी संरचनाहरुले आवश्यक स्रोतको व्यवस्थापन, स्वयंसेवक परिचालन र कोष सञ्चालनमार्फत विपद् पूर्वतयारी र तत्कालीन राहत कामलाई कानुनी सुनिश्चितता दिन्छन् । नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गरिसकेको छ । यद्यपि, जलवायु परिवर्तन सम्बन्धी समग्र नीति अझै विकास नभएता पनि संघीय सरकारले लागू गरेका नीतिहरू कार्यान्वयन गर्दैछ । जलवायु अनुकूलनका लागि नेपाल सरकारले लागू गरेको राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, जलवायु परिवर्तन नीति, २०७६ कार्यान्वयन भइरहेको छ ।

त्यसैगरी नेपाल सरकारबाट विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिई विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ का साथै स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ बमोजिम योजना निर्माण, मूलप्रवाहीकरण तथा कार्यान्वयनमा नगरपालिकाले जोड दिँदै आएको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० जस्ता नीतिगत व्यवस्थाले विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न जोड दिएको छ ।

नगरपालिकाले जलवायु अनुकूलन र विपद् जोखिम व्यवस्थापनको राष्ट्रिय तथा प्रादेशिक नीति कार्यान्वयन गर्दैछ । बुढानिलकण्ठ नगरपालिका विपद् तथा जलवायु उत्थानशील योजना तयारीका क्रममा निम्न मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरिएका छन् :

(क) केन्द्र, प्रदेश र नगरपालिकाबाट लागू हुने कानुन र नगरपालिकाले लागू गर्ने विकास नीति तथा कानूनी व्यवस्थालाई आधार मानिएको छ ।

(ख) नगरपालिकामा विपद् व्यवस्थापनका लागि सहजीकरण, नियन्त्रण तथा व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी नगर प्रमुखको हुनेछ । यो जिम्मेवारी पूरा गर्न नगरपालिकाले नगरपालिका विपद् व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समिति गठन गरी परिचालन गर्ने काम गरेको छ ।

(ग) विपद् जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउन केन्द्र र नगरपालिका सरकार, जिल्ला विपद् व्यवस्थापन समिति र वडाहरूसँगको समन्वयमा संस्थागत विकास भएको छ ।

(घ) यस योजनाको कार्यान्वयनका लागि सार्वजनिक क्षेत्र, विकास साझेदार, सरोकारवाला सङ्गसंस्थाहरू तथा समुदाय, निजी क्षेत्र, नागरिक समाजको सहभागिता तथा साझेदारी अभिवृद्धिको अवधारणा पनि यस कार्यढाँचा निर्माणको आधारस्तम्भ रहेको छ ।

(ङ) आपत्कालीन प्रतिकार्यका क्रममा नगरबासीको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण गर्ने अवधारणा समेत यस कार्यढाँचा निमार्णको आधार हो ।

(च) यस कार्यढाँचालाई आधार मानेर विपद्को जोखिममा रहेका समुदायको उत्थानशीलता बढाएर विपद्को सामना गर्ने क्षमताको विकास गरिनेछ । त्यसका लागि अपत्कालीन समयमा गरिने मानवीय सेवाका क्रममा विशेषगरी बृद्ध-वृद्धा, अपाङ्गता भएका वर्ग, महिला, बालबालिका र विपन्न समुदायलाई प्राथमिकतामा राखिनेछ र सेवा प्रवाहमा उनीहरूको पहुँच बढाइनेछ ।

(छ) समावेशी विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता दिइनेछ र महिला तथा युवा नेतृत्वको निर्माण गरी आवश्यकता अनुसार क्षमता विकास गरिनेछ ।

(ज) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय श्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई उपयोग गर्दै प्रविधि हस्तान्तरणलाई प्रोत्साहन गरिनेछ ।

(झ) जलवायु परिवर्तन अनुकूलन, दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, विपद् ज्ञान व्यवस्थापनमा आधारित शिक्षा, वातावरण संरक्षण र विपद् उत्थानशील विकासबीच सामञ्जस्य कायम गरिनेछ ।

१.३ कार्यढाँचाको उद्देश्य

१. प्रकोप, सम्मुखता, संकटासन्नता, क्षमता र जोखिम बुझ्ने

२. विपद् तथा जलबायु उत्थानशील गतिविधिहरूको आवधिक र वार्षिक कार्यक्रम तथा बजेटमा मूलप्रवाहीकरण गर्ने

परिच्छेद-२ : विपद् र जोखिमको बुझाइ

२.१ नगरपालिकाको सामान्य विवरण

बुढानीलकण्ठ नगरपालिका काठमाडौं उपत्यकाको उत्तर भागमा अवस्थित पहाडी क्षेत्र हो। यस नगरपालिकाको पूर्वमा गोकर्णेश्वर नगरपालिका, पश्चिममा टोखा नगरपालिका, उत्तरमा नुवाकोट जिल्ला र दक्षिणमा काठमाडौं महानगरपालिका पर्छ। कुल १३ वटा वडाहरूमा विभाजित यस नगरपालिकामा करिब ४६ हजार ९३० घरधुरी र १ लाख ७७ हजार ५५७ जनसंख्या रहेको छ। यहाँको साक्षरता दर ८९.७% रहेको छ, जुन धेरै नै सन्तोषजनक मानिन्छ। ब्राह्मण, क्षेत्री, नेवार र तामाङ समुदायको बसोबास रहेको यस नगरपालिकामा विभिन्न चाडपर्वहरू उत्साहपूर्वक मनाइन्छन्। विष्णुमति, रुध्रमति, धोवीखोला, यज्ञमती र च्याने खोला जस्ता प्रमुख नदीहरू यस क्षेत्रभित्र बग्ने गर्छन्। वार्षिक औसत वर्षा करिब १२०० मिलिमिटर हुने यो क्षेत्रमा न्यूनतम तापक्रम -२० डिग्री सेल्सियसदेखि अधिकतम ३२ डिग्री सेल्सियससम्म पुग्ने गर्छ। भू-उपयोगका हिसाबले यस नगरपालिकामा १२.६७ वर्ग कि.मि. क्षेत्र आवासीय, ६.८ कृषि, ९.८७ वन जंगल, ५.०० झाडी, र अन्य भागमा खोला, पोखरी तथा बाँझो जमिन रहेका छन्। यसरी प्राकृतिक सम्पदाले भरिपूर्ण बुढानीलकण्ठ नगरपालिका पर्यावरणीय सन्तुलन र समृद्ध सामाजिक संरचनाको सुन्दर उदाहरण हो।

तालिका १ : बुढानीलकण्ठ नगरपालिकाको सङ्क्षिप्त विवरण

अवस्थिती	विवरण
भौगोलिक बनोट	पहाडी क्षेत्र
सिमाना	पूर्वमा गोकर्णेश्वर नगरपालिका पश्चिममा टोखा न.पा उत्तरमा नुवाकोट जिल्ला दक्षिणमा काठमाडौं महानगरपालिका
वडा संख्या	१३
घरधुरी	४६,९३०
जनसंख्या	१७७,५५७
शैक्षिक अवस्था (साक्षरता)	८९.७%
जातीय बसोबास	ब्राह्मण, क्षेत्री, नेवार, तामाङ
संचार	टेलीफोन, इन्टरनेट, पत्रपत्रिका
प्रमुख नदीहरू	विष्णुमति, रुध्रामति, धोवीखोला, यज्ञमती, च्याने खोला

अवस्थिती	विवरण
प्रमुख धार्मिक तथा पर्यटकीय गन्तब्य	बुढानीलकण्ठ मन्दिर, इस्कोन मन्दिर, शिवपुरी राष्ट्रिय निकुञ्ज, विष्णुद्वार धाम, कपन गुम्बा, बागद्वार, नागि गुम्बा, नौलिन भद्रकाली मन्दिर, खड्का भद्रकाली
औसत वर्षा	१२०० मि.मि
न्यूनतम तापक्रम	-२°से.
अधिकतम तापक्रम	३२°से.
भू-उपयोगको प्रकार	**जम्मा क्षेत्रफल (वर्ग.कि.मि)**
आवासीय क्षेत्र	१२.६७
कृषि क्षेत्र	६.८
वन जंगल	९.८७
घाँसे मैदान तथा बाँझो जमिन	०.२२
झाडी	५.००
खोला/नदि/पोखरी	०.१७
अन्य	०.०२



चित्र २: बुढानिलकण्ठ नगरपालिकाको भौगोलिक नक्सा

बुढानीलकण्ठ नगरपालिकाको भौगोलिक नक्सा (चित्र २) ले नगरको भूपरिवेश, उचाइको भिन्नता, ढलानको अवस्था, नदी तथा खोलाहरू, वन क्षेत्र, र बस्तीहरूको अवस्थिति स्पष्ट रूपमा देखाएको छ। यस नक्साले नगरपालिकाको उचाइ १२८९ मिटरदेखि २६९९ मिटर सम्म रहेको देखाउँछ, जसमा उत्तरतर्फ शिवपुरी—नागार्जुन राष्ट्रिय निकुञ्ज र दक्षिणतर्फ समथर क्षेत्रहरू अवस्थित छन्। भिरालो र मध्यम ढलान भएका क्षेत्रहरू पहिरो र डढेलोको दृष्टिले संवेदनशील छन् भने समथर भूभागमा अव्यवस्थित शहरीकरण देखिन्छ। नक्साले निर्णयकर्तालाई जोखिमयुक्त क्षेत्रहरू, सुरक्षित स्थल र खुला क्षेत्र पहिचान गर्न सहयोग पुऱ्याउने उद्देश्य राखेको छ।

नक्सामा समावेश मुख्य तथ्यांकहरू जस्तै बस्ती क्षेत्रहरू, जलस्रोत र खोला प्रणाली (बागमती, विष्णुमती सहायक धाराहरू), बाढी तथा डुबान हुने सम्भावित भूभाग, पहिरो सम्भावित क्षेत्र, वन क्षेत्र, कृषि भूमि

र आवासीय उपयोग क्षेत्रहरू विश्लेषण गरिएको छ। डढेलो, आगलागी, र भौगोलिक जोखिमको दृश्यांकनले विपद् जोखिम न्यूनीकरण योजना लागु गर्न सहयोग पुऱ्याउँछ। यसले DRRM योजना, पूर्वसूचना प्रणाली, सुरक्षित स्थल व्यवस्थापन, र संकटासन्नता स्तरीकरणका लागि महत्वपूर्ण मार्गनिर्देशन दिन्छ। नक्साबाट प्राप्त यी विवरणहरू स्थानीय तहमा प्रमाणमा आधारित योजना निर्माणका लागि अत्यावश्यक मानिन्छ।



चित्र ३: बुढानिलकण्ठ नगरपालिकाको भौगर्भिक नक्सा

चित्र ३ मा समावेश बुढानिलकण्ठ नगरपालिकाको भौगर्भिक नक्सा नगरको जमिनको प्रकार, चट्टान संरचना, भूगर्भिक स्थायित्व र जोखिम संवेदनशीलताको दृष्टिले अत्यन्त महत्वपूर्ण जानकारी दिन्छ। नक्साले नगर क्षेत्रभित्र metamorphic, sedimentary, र colluvial deposits रहेका स्थानहरूलाई स्पष्ट चिनिएको छ। विशेषतः उत्तरपूर्वी भाग (शिवपुरी, हप्से, झोर क्षेत्र) पुराना चट्टानयुक्त, भिरालो ढलान भएको र पहिरो सम्भावित क्षेत्रका रूपमा चिनिन्छन्, भने दक्षिणी भाग (चपली, बूढानीलकण्ठ, बसपार्क

क्षेत्र) कमजोर माटो र unconsolidated deposits रहेका, जसले बाढी, भूकम्प र डुबानको जोखिम बढाउँछ। साथै, केही स्थानहरूमा भूगर्भिक fault लाइन (भूकम्पीय फ्र्याक्चर क्षेत्र) को नजिक बस्ती विस्तार भइरहेका कारण संरचनागत जोखिम उच्च छ।

यस नक्साको आधारमा बुढानीलकण्ठ नगरपालिकाभित्रका प्रमुख जोखिम क्षेत्रहरू यस प्रकार छन्:

- पहिरो सम्भावित क्षेत्रः वडा नं १, २, ३ र १३ अन्तर्गतका भिरालो क्षेत्र (शिवपुरी, बुढानीलकण्ठ मन्दिर क्षेत्र, हप्से), जहाँ unconsolidated slope deposits छन्।
- भूकम्प जोखिम क्षेत्रः वडा ४, ५, १० र ११ मा fault लाइनको नजिक भएका बस्तीहरू, विशेषतः पुराना तथा कच्ची संरचना भएका क्षेत्रहरू।
- बाढी/डुबान जोखिम क्षेत्रः वडा ६, ८, ९ र १२ अन्तर्गत विष्णुमती र बागमती सहायक खोलाहरू नजिकका निचोलो भूभाग, जसमा जलनिकासी कमजोर र डुबानको इतिहास छ।
- भौगर्भिक अस्थिरता क्षेत्रः निर्माण कार्य गर्न उपयुक्त नभएको जमिन, जसमा ढलान, जल अपवहन नहुने माटो, वा ढुंगे स्खलन हुने खतराहरू देखिन्छन्।

भौगर्भिक नक्सा बाढी नियन्त्रण, भूकम्प प्रतिरोधी संरचना निर्माण, सुरक्षित पुनर्वास, पूर्वसूचना प्रणाली विस्तार, र DRRM बजेट प्राथमिकता निर्धारणका लागि अत्यन्त उपयोगी हुन्छ। यसले जोखिम क्षेत्रको स्थानिक पहिचान (spatial risk identification) गर्न सहयोग पुऱ्याई LDCRF कार्यान्वयनलाई वैज्ञानिक आधार प्रदान गर्दछ। सुरक्षित क्षेत्रको वर्गीकरण, पूर्वसूचना केन्द्रको स्थान चयन, तथा खुला स्थलको व्यवस्थापन जस्ता कार्यहरूमा पनि यस नक्साको प्रयोग रणनीतिक रूपमा गर्न सकिन्छ।



चित्र ४: बुढानिलकण्ठ नगरपालिकाको भू-उपयोग नक्सा

बुढानिलकण्ठ नगरपालिकाको चित्र ४ मा समावेश भू-उपयोग नक्साको सान्दर्भिकता स्थानीय विपद जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF) सन्दर्भमा अत्यन्तै महत्वपूर्ण छ। यस नक्साले नगरभित्र विभिन्न किसिमका भू-प्रयोग (जस्तैः आवासीय, कृषि, वन, सार्वजनिक क्षेत्र, खोलानाला, खुला भूमि, व्यावसायिक क्षेत्र) को अवस्थिति देखाउँछ। यी विवरणहरूले जोखिम पहिचान, योजना समायोजन, पूर्वसूचना, तथा स्रोत व्यवस्थापनमा सीधा प्रभाव पार्दछ।

- **डुबान जोखिम र अव्यवस्थित बसोबासः**

वडा नं. ८ र १० मा रहेको खोला किनारको कृषि भूमि आवासीय क्षेत्रमा रूपान्तरण हुँदै गएको भू-उपयोग नक्साबाट देखिन्छ। यस्तो बसोबास डुबान र बाढीको उच्च जोखिममा रहेको हुँदा LDCRF

अन्तर्गत खोलाको किनारमा ग्याबियन पर्खाल निर्माण, वा स्थलगत निकासी योजना निर्माण गर्न आधार मिल्दछ।

- **खुला भूमि संरक्षणः**

नक्सामा देखिएको खुला क्षेत्रहरू (जस्तैः सामुदायिक विद्यालय वरपरका खुला चौर) लाई भविष्यमा आपतकालीन उद्धार केन्द्र वा सुरक्षित आश्रय स्थलका रूपमा प्रयोग गर्न सकिन्छ। यस्तो योजना पूर्वतयारी र प्रतिकार्यका लागि अत्यन्त उपयोगी हुन्छ।

- **वन क्षेत्र र डढेलो जोखिमः**

वडा नं. १, २, १३ मा अवस्थित वन क्षेत्र आसपासको सिमाना क्षेत्रमा अनियन्त्रित आगलागीको सम्भावना रहेको हुँदा डढेलो रोकथामका लागि fire line निर्माण, समुदायमा डढेलो सचेतना कार्यक्रम सञ्चालन जस्ता उपायहरू भू—उपयोग नक्साबाट पहिचान गरी गर्न सकिन्छ।

- **उद्योग र जोखिम संवेदनशीलताः**

यदि व्यावसायिक वा साना उद्योग क्षेत्रहरू आवासीय क्षेत्रमा नजिकै देखिन्छन् भने, आगलागी, रासायनिक पदार्थको जोखिम वा सडक जामका कारण आपतकालीन सेवा अवरुद्ध हुन सक्छ। यस्तो अवस्थालाई नियमन गर्न भू-उपयोग पुनर्वर्गीकरण आवश्यक हुन्छ।

- **पुनर्वास योजनाः**

पहिरो सम्भावित क्षेत्रहरूमा बसोबास गरिरहेका परिवारलाई कम जोखिमयुक्त क्षेत्र (safe zone) मा स्थानान्तरण गर्न, नक्साबाट सुरक्षित स्थल पहिचान गर्न सकिन्छ।

२.१.१ भौतिक अवस्था

भौगोलिक र भू-आकृति

बुढानिलकण्ठ नगरपालिका नेपालको बागमती प्रदेश अन्तर्गत काठमाडौं जिल्लामा अवस्थित एक नगरपालिका हो। यो नगरपालिका काठमाडौं उपत्यकाको उत्तरी भागमा पर्छ र यस क्षेत्रको प्रमुख पहाडी भू-भाग शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जले ओगटेको छ।विश्व मानचित्रमा यस बुढानीलकण्ठ नगरपालिकाको भौगोलिक अवस्थिति २७ डिग्री ४३ मिनेट १९ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री ४८ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांश र ८५ डिग्री २० मिनेट ९ सेकेन्ड पूर्वी देशान्तरदेखि ८५ डिग्री २३ मिनेट २८ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यस नगरपालिकाको उचाइ समुन्द्री सतहदेखि १२८९ देखि २६९९ मिटरसम्म रहेको छ भने कुल क्षेत्रफल ३४.८० वर्ग किमि रहेको छ ।

यस नगरपालिकाको उत्तरमा नुवाकोट जिल्ला, दक्षिणमा काठमाडौं महानगरपालिका, पूर्वमा गोकर्णेश्वर नगरपालिका र पश्चिममा तारकेश्वर नगरपालिका तथा टोखा नगरपालिका रहेका छन्। नगरपालिकाको भूगोल पहाडी र समथर भूभागको मिश्रण रहेको छ, जहाँ उत्तरी भागमा जंगल र पहाडी भूभाग तथा दक्षिणी भागमा समथर उपत्यका रहेको छ।

बुढानिलकण्ठ नगरपालिका धार्मिक, सांस्कृतिक, पर्यटकीय तथा प्राकृतिक हिसाबले महत्वपूर्ण क्षेत्र हो, जसमा बुढानिलकण्ठ मन्दिर, शिवपुरी जंगल, हिमाल दृश्यावलोकन स्थलहरू लगायतका आकर्षणहरू रहेका छन्।

जलवायुको अवस्था

बुढानिलकण्ठ नगरपालिकाको जलवायु उपोष्णदेखि समशीतोष्ण प्रकारको रहेको छ। गर्मी याममा तापक्रम १५°C देखि ३२°C सम्म रहन्छ भने जाडो याममा -२°C सम्म झर्न सक्छ, विशेष गरी शिवपुरी क्षेत्रमा अत्यधिक चिसो महसुस गरिन्छ। वार्षिक औसत वर्षा १,५०० देखि २,५०० मिलिमिटरको हाराहारीमा रहन्छ, जसमा असार-भदौ महिनामा सबैभन्दा बढी वर्षा हुने गर्छ। हावाको आर्द्रता मनसुन अवधिमा ८०% भन्दा बढी पुग्ने भए पनि जाडो महिनामा घटेर करिब ५०% हाराहारी रहन्छ। उच्च भूभागमा चिसो महिनामा हल्का हिमपातको सम्भावना रहन्छ, तर नगरपालिकाको अधिकांश भागमा हिमपात हुँदैन। पछिल्ला वर्षहरूमा अत्यधिक शहरीकरण तथा जलवायु परिवर्तनका कारण तापक्रम वृद्धिको संकेत देखिएको छ, जसले जल स्रोतमा कमी, अनियमित वर्षा तथा हरियाली क्षेत्रमा संकुचन ल्याउने सम्भावना बढाएको छ।

यस नगरपालिकाको भूगोल, जलवायु तथा प्राकृतिक स्रोतसाधनको संरक्षणका लागि योजनाबद्ध विकास आवश्यक छ। हरित क्षेत्रको संरक्षण, जल व्यवस्थापन तथा दिगो शहरीकरणका उपायहरू अवलम्बन

गरिएमा बुढानिलकण्ठ नगरपालिका पर्यावरणीय रूपमा सन्तुलित, आर्थिक रूपमा समृद्ध र सामाजिक रूपमा सुव्यवस्थित बन्न सक्नेछ।

तालिका २ : नगरपालिकाको जलवायु सम्बन्धि विवरण

महिना	औसत वर्षा (mm)	न्यूनतम तापक्रम (°C)	अधिकतम तापक्रम (°C)	औसत तापक्रम (°C)	आर्द्रता (%)	हावाको गति (km/h)	सुर्योदय घण्टा (hrs)
जनवरी	२०	२	१८	१०	६५	५	७
फेब्रुअरी	२५	४	२०	१२	६०	६	७.५
मार्च	३५	७	२४	१५	५५	८	८
अप्रिल	६०	१०	२८	१९	५०	१०	८.५
मे	१२०	१५	३०	२२	६५	१२	९
जुन	२५०	१८	२९	२३	८०	१५	८.५
जुलाई	३६०	२०	२८	२४	८५	१२	८
अगस्ट	३३०	१९	२८	२३	८४	१०	८
सेप्टेम्बर	२००	१७	२७	२२	८०	८	७.५
अक्टोबर	८०	१२	२६	१९	७०	६	७
नोभेम्बर	२५	७	२२	१४	६५	५	६.५
डिसेम्बर	१५	३	१९	११	६०	५	६.५

सन् १९९१ देखि २०२० सम्म नेपालमा जलवायुमा परिवर्तन भएको देखिएको छ। अधिकतम तापक्रम करिब १.६°C ले वृद्धि भएको छ, जसको औसत वृद्धिदर लगभग ०.०५३°C प्रति वर्ष रहेको छ। न्यूनतम तापक्रम पनि क्रमिक रूपमा बढ्दै गएको छ, जुन देशव्यापी औसतमा करिब ०.०२०°C प्रति वर्षको दरमा देखिएको छ। वार्षिक वर्षा प्रवृत्ति मिश्रित देखिन्छ। वार्षिक कुल वर्षाको झन्डै ७९% मॉनसूनमा पर्छ, यद्यपि यसमा पनि सामान्य गिरावट (~०.९६ मि.मी. प्रति वर्ष) देखिएको छ। सन् १९९४ देखि २०२४ को अवधिमा मासिक तापक्रम र वर्षा भिन्नतामा पनि अस्थिरता देखिएको छ । अगस्ट महिनामा तापक्रम करिब १.०९°C ले बढेको छ भने जुलाईमा वर्षा करिब ५.३५ मि.मी. ले वृद्धि भएको छ। भविष्यको पूर्वानुमान अनुसार सन् २०५० सम्म तापक्रममा ०.७-१.२°C को वृद्धि र वर्षामा ६-२१% को वृद्धि हुने सम्भावना छ (RCP ४.५/८.५ अन्तर्गत)। यी प्रवृत्तिहरूले जलवायुमा तीव्र परिवर्तन भइरहेको संकेत गर्छन् र अनुकूलन रणनीतिहरू आवश्यक भएको देखिन्छ।

तालिका ३ : काठमाडौं उपत्यकामा वर्षा र तापक्रममा भएको परिवर्तन

सूचकांक	अवधी	परिवर्तनको सारांश	वार्षिक औसत परिवर्तन	स्रोत
१. अधिकतम तापक्रम	१९९१-२०२०	~१.६ °C वृद्धि (२४.५°C बाट ~२६.१°C)	~०.०५३°C प्रति वर्ष	Shrestha et al. (1999); DHM Annual Bulletin; IPCC AR6
२. न्यूनतम तापक्रम	१९९१-२०२०	क्रमिक वृद्धि	~०.०२०°C प्रति वर्ष (देशव्यापी औसत)	Baidya et al. (2008); DHM Report
३. वार्षिक वर्षा परिमाण	१९९१-२०२०	मिश्रितः गोदावरीमा घट्ने (-१२.६ mm/वर्ष), विमानस्थलमा बढ्ने (+४.४५ mm/वर्ष)	~०.९४ mm कमी वा केही क्षेत्रमा वृद्धिदर	ICIMOD Report; Dhakal et al. (2022); DHM Climate Data
४. मौसमी वर्षा (मॉनसून)	१९९१-२०२०	~७९% वार्षिक वर्षा मॉनसूनमा केन्द्रित, केही गिरावटको संकेत	~०.९६ mm कमी प्रति वर्ष	ICIMOD; MoFE NAPA Report
५. मासिक तापक्रम भिन्नता	१९९४-२०२४	अगस्टमा ~+१.०९°C, जुलाईमा वर्षा ~+५.३५ mm वृद्धि	मासिक हिसाबले अस्थिर वृद्धि	Shrestha et al. (2017); ResearchGate Papers
६. भविष्य प्रवृत्ति (RCP ४.५/८.५)	२०५० सम्मको पूर्वानुमान	तापक्रम ~०.७-१.२°C वृद्धि, वर्षा ~६-२१% वृद्धि	-	IPCC AR5/AR6; MoFE

बुढानिलकण्ठ नगरपालिकाका प्रमुख जलस्रोतहरूको सूची

तलको तालिकामा विभिन्न वडाहरूमा रहेका प्रमुख जलस्रोतहरू सूचीबद्ध छन्। वडा नं. १ मा हाडे खोला, आइतबारे खोला र महादेव खोला छन्। वडा नं. ४, ५ र ६ मा विष्णुमति खोला बहने गरेको छ, जसमा वडा ४ मा लुडे खोलासमेत छ। वडा नं. ७ मा सामाखुसी खोला, वडा नं. ८, ९, १०, १३ मा धोबी खोला देखिन्छ, जसले विभिन्न खोलाहरूसँग संगम बनाएको छ (जस्तै रुद्रमती, खहरे, च्याने)। वडा नं. १२ मा यज्ञमति खोला र छपनी खोला रहेका छन्। यसले देखाउँछ कि अधिकांश

वडाहरूमा दुई वा बढी जलस्रोतहरू छन्, जसले स्थानीय जलस्रोत व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेल्दछन्।

तालिका ४ : नगरपालिकामा रहेका जलश्रोत सम्बन्धि विवरण

क्र.स	जलस्रोतको नाम	स्थान (वडा नं.)
१.	हाडे खोला, आइतबारे खोला, महादेव खोला	१
२.	विष्णुमति खोला, लुड़े खोला	४
३.	विष्णुमति खोला	५
४.	विष्णुमति	६
५.	सामाखुसी खोला,	७
६.	धोवी खोला, रुद्रमती खोला,	८
७.	धोवी खोला	९
८.	धोवी खोला, खहरे खोला	१०
९.	यज्ञमति खोला, छपनी खोला	१२
१०.	च्याने खोला, धोवी खोला	१३

२.१.२ जैविक वातावरण

बुढानिलकण्ठ नगरपालिकामा शिवपुरी नागार्जुन-राष्ट्रिय निकुञ्ज रहेकोले जैविक विविधताले भरिपूर्ण छ। बुढानिलकण्ठ नगरपालिकामा साल, चिउरी, कटुस, र खयर जस्ता वृक्षहरूसँगै विभिन्न औषधीय वनस्पतिहरू पाइन्छन् भने यस क्षेत्रमा बाँदर, मृग, स्याल, र विविध प्रकारका चराहरू जस्तै मुजुर र तित्रा पनि पाइन्छन्। शिवपुरीनागार्जुन - राष्ट्रिय निकुञ्जले पनि समृद्ध जैविक विविधता प्रदान गर्दछ, यो क्षेत्रहरू प्राकृतिक सुन्दरता र पर्यावरणीय महत्त्वको दृष्टिकोणबाट अत्यन्त महत्त्वपूर्ण छन्। यस क्षेत्रले प्रकृतिप्रेमीहरू, अनुसन्धानकर्ताहरू, र पर्यटकहरूको लागि उत्कृष्ट गन्तव्यको रूपमा सेवा गर्दछन्।

वनको विवरण

तलको तालिकामा विभिन्न वडाहरूमा रहेका संरक्षण क्षेत्रहरू र वनहरू उल्लेख गरिएको छ। शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज एक प्रमुख संरक्षित क्षेत्र हो, जुन वडावार विवरणमा छुट्टै रूपमा उल्लेख गरिएको छ। वडा नंमा बनदेवी मध्यवर्ती ३ . वन, वडा नंमा आइतबारे सामुदायिक वन ५ ., वडा नंमा कपन टापु वन ११ ., र वडा नंमा भद्रकाली सामुदायिक वन रहेका छन्। यसले नगर १३ . क्षेत्रभित्र विभिन्न स्थानमा सामुदायिक तथा संरक्षित वन क्षेत्रहरूको उपस्थिति रहेकोदेखाउँछ, जुन जैविक विविधता संरक्षण र स्थानीय वातावरण सन्तुलनमा महत्वपूर्ण योगदान पुऱ्याउँछन्

तालिका ५ : नगरपालिकामा रहेका वन क्षेत्र सम्बन्धि विवरण

क्र.स.	नाम	वडा
१	शिवपुरी-नागार्जुन राष्ट्रिय निकुन्ज	
२	डुकुर्नी मध्यवर्ति वन	१
३	चिहान डाँडा/पन्चकन्या वन	२
४	बनदेवी मध्यवर्ति वन	३
५	आइतबारे सा.व.	५
६	कपन टापु वन	११
७	भद्रकाली सा.व	१३

२.१.३ सामाजिक अवस्था

बुढानिलकण्ठ नगरपालिकाको सामाजिक वातावरण विविधता र सांस्कृतिक समृद्धिले भरिपूर्ण छ। यस नगरपालिकामा विभिन्न जाति, जातीयता, र धर्मका मानिसहरू बसोबास गर्छन्, जसले गर्दा यहाँको सामाजिक संरचना बहुसांस्कृतिक र बहुधार्मिक छ। यहाँका मुख्य जातिहरूमा ब्राह्मण, क्षेत्री, नेवार, तामाङ, र अन्य आदिवासी जनजातिहरू समावेश छन्। सामाजिक सद्भाव र सहिष्णुता यस क्षेत्रको प्रमुख विशेषता हो, जहाँ विभिन्न समुदायहरूले आफ्नो परम्परा, संस्कृति, र चाडपर्वहरू मिलेर मनाउँछन्। यहाँको सामाजिक जीवनमा धार्मिक स्थलहरू जस्तै बुढानिलकण्ठ मन्दिर, गोकर्णेश्वर मन्दिर, र शालिनारायण मन्दिरले महत्त्वपूर्ण भूमिका खेल्दछन्। स्थानीय बासिन्दाहरू मुख्यतया कृषि, व्यापार, र पर्यटनमा संलग्न छन् भने शिक्षा र स्वास्थ्य सेवाको पहुँच पनि बढ्दै गएको छ। सामुदायिक सहकार्य, सहकारी संस्थाहरू, र स्थानीय स्वशासनले यस क्षेत्रको सामाजिक विकासमा ठूलो योगदान दिइरहेको छ। बुढानिलकण्ठ नगरपालिकाको सामाजिक वातावरण सहयोग, सद्भाव, र समृद्धिको उत्कृष्ट उदाहरण हो।

तालिका ६: बुढानिलकण्ठ नगरपालिकाका वडा अनुसारका प्रमुख टोल तथा बस्तीहरू

क्र.स.	प्रमुख टोल/बस्तीहरू
१	चपली, तौलुंग, चौतारा, सिमाली, बदेली, तारेभिर, चौकी डाँडा
२	चपली, कामिटार, वासिग,
३	नारायणथान, ठूलो गाउँ, फेदी गाउँ, मिलनचोक, चिसेनी
४	बंसथलि, कार्की टोल, महालक्ष्मीस्थान, पासिकोट
५	टुसाल, विष्णुमति खोला क्षेत्र, दुलाल टोल
६	खत्री गाउँ (राममन्दिर/शिवमन्दिर क्षेत्र), चुंदेवी, समाबेसी टोल
७	हात्तिगौंडा, गोल्फुटार, डठठू,
८	सुन्दरबस्ती, श्रीजनशिल टोल, गोल्फुटार,

क्र.स.	प्रमुख टोल/बस्तीहरू
९	नयाँ कोलोनी, मण्डीखाटार, धोवीखोला करिडोर, जनाचोक
१०	आकासेधारा, सुगम टोल, आरम्भ चोक
११	कपन, पैयाँटार, लसुनटार, जगडोल,
१२	यज्ञमति खोला, मुस्कान चोक
१३	टुपेक, गाम्चा नयाँबस्ती, कौडोल, जगडोल

(स्रोत-जनगणना २०७८)

घरधुरी विवरण

जनगणना २०७८ अनुसार यस बुढानीलकण्ठ नगरपालिकामा जम्मा घरधुरी संख्या ४६,९३० रहेको छ । जनगणना २०७८ अनुसार यस बुढानीलकण्ठ नगरपालिकाको कुल जनसंख्या १७७,५५७ रहेकोमा, माहिला ५०.८% र पुरूष ४९.२% रहेको छ । जसअनुसार पुरूष भन्दा महिलाको संख्या १.६ प्रतिशतले बढी देखिन्छ ।तलको तालिकामा वडा अनुसारको जनसंख्या विवरण प्रस्तुत गरिएको छ।

तालिका ७ : घरधुरी विवरण

वडा	घरधुरी संख्या	जनसंख्या			औषत परिवार आकार	लैङ्गिक अनुपात
		जम्मा	पुरुष	महिला		
१	२१३०	८०७८	३९७१	४१०७	३.७९	९६.६९
२	२८७७	११४०२	५५९६	५८०६	३.९६	९६.३८
३	२०९०	८००४	३९५५	४०४९	३.८३	९७.६८
४	२४३१	९४९७	४६१४	४८८३	३.९१	९४.४९
५	१९८५	७४३२	३६४१	३७९१	३.७४	९६.०४
६	३१३५	११८०३	५८७५	५९२८	३.७६	९९.११
७	१६९६	६४३५	३१६५	३२७०	३.७९	९६.७९
८	५०३७	१९०१८	९४३२	९५८६	३.७८	९८.३९
९	२५९३	९९५०	४८८०	५०७०	३.८४	९६.२५
१०	९३५३	३३६२३	१६५०७	१७११६	३.५९	९६.४४
११	५९१४	२२६४२	१११६४	११४७८	३.८३	९७.२६
१२	५२११	१९४२५	९४६३	९९६२	३.७३	९४.९९
१३	२४७८	१०२४८	५०७४	५१७४	४.१४	९८.०७
जम्मा	**४६९३०**	**१७७५५७**	**८७३३७**	**९०२२०**	**३.७८**	**९६.८०**

(स्रोत-जनगणना २०७८)

जातीय आधारमा जनसंख्या

बुढानीलकण्ठ नगरपालिका विविध जातीय संरचनाले भरिएको छ, जसमा क्षेत्री (२४.७%), ब्राह्मण (२१.५%), र नेवार (१२.९%) प्रमुख रूपमा उपस्थित छन्। त्यसैगरी, तामाङ (११.९%), राई, मगर, गुरुङ, र शेर्पा जस्ता आदिवासी जनजातिहरूको उपस्थिति पनि उल्लेखनीय छ।

विपद् तथा जलवायु जोखिम न्यूनीकरणको सन्दर्भमा जातीय विविधता महत्वपूर्ण हुन्छ, किनभने विभिन्न जातीय समूहहरूको सामाजिक, आर्थिक, र सांस्कृतिक अवस्था फरक हुने गर्छ। विशेषगरी तामाङ, राई, मगर, गुरुङ, शेर्पा आदि जनजातिहरू परम्परागत रूपमा जोखिमयुक्त भूभाग (जस्तै डाँडाकाँडा, खोंच, या भौगोलिक रूपमा पहुँच नपुगेका क्षेत्र) मा बसोबास गर्ने प्रवृत्तिमा छन्। तिनीहरू पहुँच, सेवा र सूचनाबाट तुलनात्मक रूपमा पछि पर्न सक्छन्, जसले गर्दा विपद्का बेला उनीहरूको जोखिम अझ बढ्न सक्छ।

अन्य श्रेणीमा परेका जातिहरूको संख्या पनि उल्लेखनीय छ (१०,७४२), जसले नगरभित्र अन्य थुप्रै साना जातीय तथा धार्मिक समूहहरूको उपस्थिति जनाउँछ। यी समूहहरू साना भए पनि जोखिममा पर्ने सम्भावना अधिक हुन्छ, यदि उनीहरूलाई स्थानीय निर्णय प्रक्रियामा समावेश नगरिएको खण्डमा।

तालिका ८ : जातजातिको विवरण

क्र. स	जातजाति	जनसंख्या
१	क्षेत्री	४२२५८
२	ब्राह्मण (पहाडी)	३७६५७
३	नेवा (नेवार)	२१२६७
४	तामाङ्ग	२०७२२
५	राई	९१८६
६	मगर	८४१२
७	गुरुङ्ग	७३१७
८	शेर्पा	५७१७
९	ठकुरी	३५८६
१०	विश्वकर्मा	३३६४
११	अन्य	१८०७१
जम्मा		**१७७५५७**

(स्रोत-जनगणना २०७८)

उमेरगत जनसंख्या

उमेरगत हिसाबले हेर्दा बुढानिलकण्ठ नगरपालिकामा कुल ९०,३११ जनसंख्या मध्ये यस नगरपालिकामा २० देखि २९ वर्षभित्रको जनसंख्या धेरै (१००२९) ११.१ प्रतिशत रहेको देखिन्छ भने दोस्रो तहमा ९७६७ संख्या सहित २०-२४ वर्षभित्रका जनसंख्या रहेका छन् । यी उमेर समूहका व्यक्तिहरूको संख्या धेरै देखिएता पनि यी बाहेकका उमेर समूहको कुल संख्या धेरै रहेको छ । त्यसैगरी नगरपालिकाका १३ वडाहरू मध्ये वडा नं १० को जनसंख्या सबैभन्दा बढी (१७,१२६) रहेको देखिन्छ ।

तालिका ९ : उमेरगत जनसंख्या

५ वर्षको समूह	जम्मा जनसंख्या	वडा												
		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३
सम्पूर्ण उमेर	१७७५५७	८०७८	११४०२	८००४	९४९७	७४३२	११८०३	६४३५	१९०१८	९९५०	३३६२३	२२६४२	१९४२५	१०२४८
००-०४ वर्ष	१०८८३	४६५	६८६	४२१	५८०	४२३	७६४	३३०	११४९	४९६	२०४६	१६००	११६२	७६१
०५-०९ वर्ष	१२८३७	५५९	७८९	५५७	६७३	५१६	८९९	४६०	१३४३	६१८	२३७८	१७०२	१५१५	८२८
१०-१४ वर्ष	१३३४६	६६३	९१०	५६९	७२५	६०४	८७२	४७०	१३७६	६९८	२४०१	१६९१	१५०८	८५९
१५-१९ वर्ष	१६३०५	७९५	९८७	७३५	८०९	७०९	१०७४	५३८	१६४२	८३५	३२३२	२२४१	१८३८	८७०
२०-२४ वर्ष	१८७३२	७८८	११८०	८१३	८६४	७७६	१२२६	६०६	१९३३	८९३	३८०४	२५३९	२२५०	१०६०
२५-२९ वर्ष	१८५४१	८५०	११२९	८१५	८६६	७९६	१२०६	६२८	१८८१	९९०	३५९८	२४७२	२१८३	११२७
३०-३४ वर्ष	१७१९९	६७७	११५८	७३६	८८०	७२४	११५०	६६६	१७९५	९२४	३२२९	२२५६	१८९२	१११२
३५-३९ वर्ष	१५६७०	७२४	९५६	७५६	८६९	६५७	१०५४	५३५	१७४६	८३५	२९५९	२०१९	१६३१	९२९
४०-४४ वर्ष	१३४१२	६२६	८१८	६३३	७७०	५५३	९१८	४७२	१५९९	७७०	२५५०	१६०३	१४०१	६९९
४५-४९ वर्ष	१०२४७	४७३	६८८	४७८	६३८	४३१	६७९	३८८	११४६	६८९	१८९०	११४९	१०७०	५२८
५०-५४ वर्ष	९१८१	४४७	६२६	४०६	५२६	३७७	५७५	३६७	९८८	६२८	१७९७	१०६०	८९४	४९०
५५-५९ वर्ष	६२६९	३१३	४०६	३२१	३७१	२७०	४०५	२९८	७०५	४४२	११५०	६५३	६३६	२९९
६०-६४ वर्ष	५०७८	२२८	३५४	२७०	३०३	२०७	३५७	२४३	५७७	३८१	९१३	५५६	४६०	२२९
६५-६९ वर्ष	३८०४	१७४	२७६	१८८	२७६	१४८	२३८	१७३	४४१	२८२	६३९	४३२	३६६	१७१
७०-७४ वर्ष	२५८३	१२७	१७८	१४४	१५०	११३	१६४	१२७	२९८	१९३	४२४	२७०	२८२	११३
७५-७९ वर्ष	१६८२	६८	१२४	७८	१००	५६	१००	५९	१९१	१४४	२९९	१९८	१७३	९२
८०-८४ वर्ष	९१३	४३	७३	४८	५४	४१	७४	३२	९५	७४	१६०	१०१	८७	३१
८५-८९ वर्ष	५५९	३०	४०	२४	२९	१९	३४	२४	६७	३९	१०८	६४	४८	३३
९०-९४ वर्ष	२१८	१८	१८	१०	१०	११	६	१६	३२	१४	३२	२५	१७	९
९५+ वर्ष	९८	१०	६	२	४	१	८	३	१४	५	१४	११	१२	८

(स्रोत-जनगणना २०७८)

बुढानीलकण्ठ नगरपालिकामा ६८ वर्षभन्दा माथिको जनसंख्या वितरण हेर्दा, आपतकालीन अवस्था र जलवायुजन्य जोखिममा उच्च संवेदनशीलता बोकेको वर्गको पहिचान गर्न महत्वपूर्ण आधार प्रदान

गर्दछ। यो उमेर समूह शारीरिक रूपले कमजोर, स्वास्थ्य सम्बन्धी समस्यामा अधिक ग्रस्त, र सूचना तथा सञ्चार प्रविधिमा पहुँच कम हुने वर्गमा पर्दछ, जसले विपद् व्यवस्थापनको सन्दर्भमा उनीहरूलाई अझ बढी जोखिममा पार्दछ।

तालिकाका आधारमा वडा नं. १० (१२५३ जना), वडा नं. ११ (६७३ जना), र वडा नं. १२ (६७२ जना) मा वृद्ध जनसंख्या अधिक देखिएको छ भने वडा नं. ९ (५.८%), वडा नं. ७ (४.९%), वडा नं. २ र ३ (४.६%), र वडा नं. ४ (४.७%) मा वृद्ध जनसंख्या अनुपातमा बढी छन्। जनसंख्या संख्या र प्रतिशत दुबैका आधारमा यी वडाहरू वृद्धजनको दृष्टिकोणले संवेदनशील क्षेत्रको रूपमा चिनिन सक्छन्।

विपद् जोखिम न्यूनीकरण तथा जलवायु सहनशीलता रूपरेखा (LDCRF) तयार गर्दा, यी वडाहरूमा वृद्धजनका लागि लक्षित रणनीति आवश्यक छ। उदाहरणका लागि, आकस्मिक उद्धार र राहत योजनामा वृद्धजनलाई प्राथमिकताका साथ सुरक्षित स्थानमा सार्ने कार्यविधि बनाइनुपर्छ। तिनीहरूको पहुँचअनुसार सूचनाको वितरण (जस्तैः रेडियो, लाउडस्पीकर), औषधोपचारको सुविधा, हिँडडुलको सहुलियतयुक्त संरचना (जस्तै सहारा दिने सहायक साधन, वृद्धमैत्री सुरक्षित स्थान), र परिवार तथा समुदाय स्तरमा उनीहरूको निगरानी तथा हेरचाहका लागि स्वयंसेवक परिचालन योजना आवश्यक हुनेछ।

यसबाहेक, दीर्घकालीन योजना अन्तर्गत वृद्धजनको लागि सुरक्षित आवासको प्रवन्ध, सामुदायिक स्वास्थ्य सेवा पहुँच, र जलवायु परिवर्तनको प्रभावसँग जुझ्ने क्षमता विकासमा विशेष जोड दिनुपर्छ। नगरपालिकाको समग्र विपद् तथा जलवायु जोखिम व्यवस्थापन प्रणाली वृद्धमैत्री, समावेशी र संवेदनशील वर्गकेन्द्रित बन्नु नै प्रभावकारी स्थानीय रूपरेखा निर्माणको आधार बन्न सक्छ।
यसरी, वृद्ध जनसंख्या वितरणमा आधारित जोखिमको पहिचानले बुढानीलकण्ठ नगरपालिकाको LDCRF तयारीलाई तथ्यमा आधारित, प्रभावकारी र दिगो बनाउने छ।

तालिका १० : ६८ वर्ष उमेर माथिको जनसंख्या

वडा	प्रतिशत	जनसंख्या
१	४.४	३५८
२	४.६	५२५
३	४.६	३६६
४	४.७	४४५
५	३.९	२९३
६	४	४६९
७	४.९	३१७
८	४.५	८५०

वडा	प्रतिशत	जनसंख्या
९	५.८	५७४
१०	३.७	१२५३
११	३.६	८१३
१२	३.९	७६२
१३	३.४	३५३

(स्रोत-जनगणना २०७८)

अपाङ्ताको आधारमा जनसंख्या

यस तथ्यांक अनुसार, नगरपालिकामा कुल २,५११ जना अपाङ्गता भएका व्यक्तिहरू रहेका छन्, जुन कुल जनसंख्याको १.४१% हो। वडागत रूपमा हेर्दा, वडा नम्बर १० मा सबैभन्दा बढी (४२० जना) अपाङ्गता भएका व्यक्तिहरू छन् । यस्तै, वडा नम्बर ४ मा अपाङ्गता भएका व्यक्तिहरूको अनुपात (२.४८%) सबैभन्दा बढी रहेको छ । अपाङ्गता भएका व्यक्तिहरू विपद्को समयमा सूचनामा पहुँच, सुरक्षित स्थानमा जान, र राहत तथा उद्धार कार्यमा सहभागी हुन बढी कठिनाइ भोग्न सक्छन्। तसर्थ, उनीहरूका लागि विशेष पूर्वतयारीका उपायहरू, जस्तै पहुँचयोग्य आश्रयस्थल, ब्रेल वा सांकेतिक भाषामा विपद् सूचना, र विशेष तालिमप्राप्त उद्धार टोलीको आवश्यकता पर्दछ।

तालिका ११ : अपाङ्ताको जनसंख्या

वडा	जनसंख्या				अपाङ्गताको अनुपात
	जम्मा जनसंख्या	अपाङ्गता भएको	अपाङ्गता नभएको	थाहा नभयको	
१	८०७८	९७	७९७७	४	१.२
२	११४०२	२०८	१११८७	७	१.८२
३	८००४	११०	७८९४	०	१.३७
४	९४९७	२३६	९२६०	१	२.४८
५	७४३२	१२४	७३०८	०	१.६७
६	११८०३	१६६	११६३७	०	१.४१
७	६४३५	६९	६३६६	०	१.०७
८	१९०१८	२२७	१८७९०	१	१.१९
९	९९५०	१३९	९८११	०	१.४
१०	३३६२३	४३०	३३१९३	०	१.२८
११	२२६४२	२७७	२२३६५	०	१.२२
१२	१९४२५	२५७	१९१६८	०	१.३२
१३	१०२४८	१७१	१००७७	०	१.६७
जम्मा	**१७७५५७**	**२५११**	**१७५०३३**	**१३**	**१.४१**

(स्रोत-जनगणना २०७८)

घरको गाह्रोको किसिम - बुढानीलकण्ठ नगरपालिकाका घरहरूको गाह्रोमा प्रयोग गरिने सामग्रीको विवरण दिन्छ। यसले भूकम्प, आँधीबेहरी वा अन्य प्राकृतिक विपद्को समयमा घरहरूको संकटासन्नता बुझ्न मद्दत गर्दछ। तालिका अनुसार, नगरपालिकामा कुल ४६,६५० घरधुरी मध्ये सबैभन्दा धेरै घरहरू सिमेन्ट वा काठको जोडाईको छन्। यसमा सिमेन्ट वा इँटाको जोडाई (४२,२४३) र माटोको जोडाईको इँटा (१,६१७) को संख्या प्रमुख छन्। यस्तै, छतका प्रकारमा पनि सिमेन्ट, काठ, बाँस, नपाकेको इँटा, जस्ता, प्रिफ्याब र अन्य गरी विभिन्न प्रकारका छानाहरू प्रयोग भएको देखिन्छ। यसमा जस्ताको छाना (१,९८४) र सिमेन्टको जोडाईको इँटा (४२,२४३) बढी मात्रामा प्रयोग भएको देखिन्छ। विपद् जोखिम न्यूनीकरणका सन्दर्भमा, बलियो र सुरक्षित छत भएका घरहरूले कम क्षति व्यहोर्न सक्छन् भने कमजोर वा असुरक्षित छाना भएका घरहरू बढी जोखिममा हुन्छन्। विशेष गरी, माटोको जोडाईका घरहरू र पुराना प्रविधिबाट बनेका घरहरू भूकम्पको जोखिममा बढी संवेदनशील हुन सक्छन्। यस तथ्यांकले कुन प्रकारका घरहरूलाई भूकम्प प्रतिरोधी बनाउने वा रेट्रोफिटिङ गर्ने प्राथमिकतामा राख्नुपर्छ भन्ने जानकारी दिन्छ।।

तालिका १२ : घरको किसिम

वडा	जम्मा	घरको पर्खालको प्रकार							
		माटोको जोडाईको इट्टा	सिमेन्ट र इट्टा	काठ	बाँस	नपाकेको इट्टा	जस्ता	प्रिफ्याब	अन्य
१	२१३०	७८	१८७९	८	२१	३	१२२	७	१२
२	२८७७	८५	२४८९	१४	१५	९	२४३	२०	२
३	२०९०	७९	१९२५	५	२	११	६२	३	३
४	२४३१	४६	२१९८	८	४९	२२	७५	६	२७
५	१९८५	७३	१७९८	९	१२	५	७३	१०	५
६	३१३५	४४	२७३६	९	९	३	३२८	२	४
७	१६९६	३७	१६००	९	२	१	४४	०	३
८	५०३७	११८	४६६१	२०	२९	५	२००	०	४
९	२५९३	३२	२५३८	९	०	१	१०	१	२
१०	९३५३	१२३	९०५५	३२	१२	५	११२	५	९
११	५९१४	१३१	५३११	१८	२०	७	३९५	९	२३
१२	५२११	३५	५१०६	१३	०	१	३६	११	९
१३	२४७८	८६	२०५२	१२	१६	१८	२८९	४	१

वडा	जम्मा	घरको पर्खालको प्रकार							
		माटोको जोडाईको इट्टा	सिमेन्ट र इट्टा	काठ	बाँस	नपाकेको इट्टा	जस्ता	प्रिफ्याब	अन्य
जम्मा	४६९३०	९६७	४३३४८	१६६	१८७	९१	१९८९	७८	१०४

(स्रोत-जनगणना २०७८)

घरको छानाको किसिम

घर बनाउँदा आधुनिक प्रविधि प्रयोग गर्ने चलन यस बुढानीलकण्ठ नगरपालिकाभित्र देखिन्छ । घरको छानाको प्रकार हेर्दा यहाँ सिमेन्ट ढलान गरिएका घरहरु सर्वाधिक मात्रामा रहेको पाइन्छ ।प्रतिशतको आधारमा यसको मात्रा ८५% (३९८४४) रहेको छ । जस्ता पाताले छाएका घरहरू जम्मा १४% (६५१७) मात्रै रहेको छ । अन्य शिर्षकहरू जस्तै सिमेन्ट ढलान गरिएका घरहरु पनि धेरै संख्यामा (८६४४) वडा नं १० मै रहेको पाइयो ।यी बाहेक छानामा खर, ढुङ्गा, काठ र टाइल प्रयोग गरिएका घरहरू न्यून रहेको छ । खरको छाना प्रयोग गरिएका कुल १३५ घरधुरी मध्ये २८ घर वडा नं १२ मा रहेको देखिन्छ ।

तालिका १३ : घरको छानाको किसिम

वडा	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	जम्मा
जस्ता पाता	४८१	६२८	३५३	४९९	३६१	६२८	२२६	५७९	१८५	६३१	९८५	२४०	७२१	**६५१७**
सिमेन्ट ढलान	१६१५	२२०७	१७१६	१९०९	१५७६	२४८७	१४५८	४४०००	२३७६	८६४४	४८३६	४८९४	१७२६	**३९८४४**
खर	१५	७	२	३	१३	२	१०	१७	६	२०	७	२८	५	**१३५**
टाइल	२	१३	९	८	१९	२	१	९	०	१८	४२	१७	६	**१४६**
ढुङ्गा/स्लेट	७	९	४	९	१४	९	१	१३	१४	२५	३४	२०	१३	**१७२**
काठ	४	१३	५	१	१	७	०	१९	५	७	७	३	५	**७७**
माटो	०	०	०	०	०	०	०	०	०	०	०	०	०	**०**
अन्य	६	०	१	२	१	०	०	०	७	८	३	९	२	**३९**
जम्मा	**२१३०**	**२८७७**	**२०९०**	**२४३१**	**१९८५**	**३१३५**	**१६९६**	**५०३७**	**२५९३**	**९३५३**	**५९१४**	**५२११**	**२४७८**	**४६९३०**

(स्रोत-जनगणना २०७८)

२.२ प्रकोप, सम्मुखता, सङ्कटासन्नता, क्षमता र जोखिमको विश्लेषण

२.२.१. प्रकोप विश्लेषण र लक्षित प्रकोप निर्धारण

२.२.१.१ प्रकोप विश्लेषण

बुढानिलकण्ठ नगरपालिकामा प्राकृतिक र मानव सृजित दुवै किसिमका प्रकोपहरुको विद्यमान रहेको पाइन्छ । भूकम्पबाहेकलाई हेर्ने हो भने यस नगरपालिकामा बाढीबाट हुने कटान र डुबान, सडक दुर्घटना, वन्यजन्तुको आक्रमण, कृषिमा रोग र कीट आंतक, हुरीबतास, चटयाङ, स्वास्थ्यसम्बन्धी महामारी लगायतका प्रकोपको जोखिम देखिन्छन् । त्यस्तै, विश्वव्यापी महामारी कोभिङ-१९ (COVID-१९) ले समेत यस नगरपालिकामा प्रतिकूल असर पारेको देखिन्छ ।

तालिका १४ : नगरपालिकामा हुन सक्ने संभावीत प्रकोपका प्रकार

क्र .स.	सम्भावित प्रकोप	बिद्यमान अवस्था	समय
१	भूकम्प	भुकम्पीय जोखिमका हिसाबले नेपाल ११औं स्थानमा रहेको र नगरपालिकामा सबै भवनहरु भूकम्प प्रतिरोधात्मक नभएको, अहिले नगरपालिकाले भवन आचार संहिता लागु गरेको ।	जुनसुकै समयमा
२	आगलागी	नगरपालिकामा धेरै जसो भूभागमा घना बस्ती रहेका, सुकुम्बासी, विपन्न, समुदायमा कच्ची घर हुनु, सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको प्रयाप्तता नहुनु, हावाहुरी चलिरहँदा असुरक्षित रुपले खाना पकाउनु र आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको ।तौलुङ्ग चौतारो, चौकी डाँडा, सिमाली, नागी गुम्बा क्षेत्र (१), डढेको पिपल बोट, नमुना बस्ती, रुद्रेश्वर हाईट (२), मन्दिर पछाडि, कार्पेट उद्योग-बसपार्क, गार्मेन्ट-चपली, रुद्रेश्वर (३), विष्णुमति कोरिडोर (पस्मिना), सिरान चोक/वडा कार्यालय जाने मेन रोड, कागज फ्याक्ट्री (नमस्ते चोक/ज्ञान भूमि) नजिक घर रहेको, पत्रिका (धनेश्वोर धाम) (४), डाँडा गाउँ, चिसिने, टुसाल, गलैचा उद्योग क्षेत्र, पेट्रोल बेच्ने स्थान, ग्यास भण्डार (५), डठठू गाउँ, कान्तिपुर टोल, गोल्फुटार ढनगाउँ, भेटघाट चोक, कवाडी संकलन, ग्यास सिलिन्डर भण्डारण क्षेत्र (७), भंगाल क्षेत्र, पेट्रोल पम्प (८), कवाडी संकलन, पेट्रोल पम्प, निलो पुल, गार्मेन्ट-शृजना चोक, खड्का टोल (९), बेखमार्ग, मिलन चोक, ढलाने पुल, मिलन चोक तरकारी बजार बाट सात तले निस्किने सडक, धोवीखोला करिडर/पेट्रोल पम्प (१०), माथिल्लो पैयाटार,	चैत्र-जेष्ठ

क्र .स.	सम्भावित प्रकोप	बिद्यमान अवस्था	समय
		कपन टापु वन (११), राधाकृष्ण टोलको भित्रि भाग, आदर्श नगर, पायोनियर टोल, सुनगाभा टोल, सोलु डाँडा, नागेश्वोरी. खरिबोट, फैका (१२) र पुतली डाँडा, कौडोल, जगडोल, रातोमाटे (१३) लगायतका क्षेत्रहरूमा आगलागी तथा डढेलोको जोखिम छ।	
	महामारी	वर्षाको मौसम पश्चात प्रकोपका रुपमा झाडापखाला लगायत पानीजन्य रोग बढ्ने गरेको, स्रोत साधन, जनचेतना र अनुकूलन क्षमताको अभाव ।	वर्षाको मौसम पछि, अन्य समयमा
	बाढीडुबान/	नगर क्षेत्रमा सिमाली गाउँ (१, ३), विष्णुमति खोला क्षेत्र/कान्तिपुर टोल-थापागाउँ (४), दुलाल गाउँ-बुढानिलकण्ठ क्याम्पिङ (५), खत्री गाउँ, राम मन्दिर क्षेत्र (६), धर्मपुर, समखुसी खोला क्षेत्र, भेटघाट चोक, च्यासिङ टोल (७), जगन्नाथ मन्दिर क्षेत्र, श्रीजनसिल टोल, सुन्दर बस्ती (८), कन्कटा थान, धोवीखोला करिडोर, नयाँ कोलोनी (९), झोरधारा, खहरे खोला क्षेत्र (१०), यज्ञमति खोला (१२), टुपेक, नयाँबस्ती (१३) आदि क्षेत्रहरू बाढी र डुवानबाट बढी प्रभावित छन्।विष्णुमती खोला, रूद्रमती खोला, धोबीखोला, यज्ञमती खोला, च्याने खोला, सामाखुसी खोला, खहरे खोला, सिमाली खहरे/खोला, सुन्दरीजल क्षेत्रबाट झर्ने खोला/नदिका कारण यस नगरपालिकाको को भूभागहरू— वर्षेनी डुबान र कटान बाट क्षति पुर्याईरहेका छन् ।	मनसुन अवधिमा।
	पहिरो	नगरपालिकाको सिमाली गाउँ, ब्राम्जे क्षेत्र, चौकी डाँडा (१), ठुलो गाउँ (३), कान्तिपुर कोलोनो, लिब्दीकोट, नयाबस्ती, दुप्पा (४), टुसाल, चिसिने, सुनगाभा, दुलाल गाउँ, थारथोक (५), अव्यवस्थित वस्ती गैरीगाउँ, भंगाल, सुन्दर बस्ती (८), मनकामना मन्दिर क्षेत्र (९), कपन टापु वन, माथिल्लो पैयाटार (११), कौडोल, जगडोल, सापाटार, गाम्चा, टुपेक (१३) लगायतका स्थान पहिरोका दृष्टिले संवेदनशील छन्।	

क्र .स.	सम्भावित प्रकोप	बिद्यमान अवस्था	समय
	कोभिड-१९ तथा डेंगु	बिश्व भरि माहामारीको रुपमा फैलिएको यो महामारीका कारण बन्दाबन्दी भै ज्वरो लगायतका रोग बढ्ने गरेको, स्रोत साधनको कमी भएको जनचेतना र अनुकूलन क्षमताको अभाव । तथा डेंगु रोगको प्रकोपले शहरी क्षेत्र आक्रान्त बनेको	जुनसुकै समयमा
	सडक दुर्घटना	सडक नेटवर्कको अतिक्रमण र अव्यवस्थित यातायात व्यवस्थापनका कारण सडक दुर्घटनाको जोखिम उच्च छ।चौकी डाँडा (१), विष्णुमति कोरिडोर, सिरान चोक, कागज फ्याक्ट्री नजिक (४), चिसिने (५), गोल्फुटार चोक, भेटघाट चोक, गणेश चोक, मुख्य सडक क्षेत्र (७), महाराजगञ्ज-बुढानिलकण्ठ सडक मार्ग, स्पेशल चोक, महांकाल मन्दिर क्षेत्र (८), जनचोक, पहेंलो पुल, कुमारी मन्दिर अगाडि (९), मिलन चोक, ढलाने पुल, करिडोर क्षेत्र (१०), कपन सडक मार्ग (१३) आदि सडक दुर्घटनाको दृष्टिले बढी जोखिममा छन्।	जुनसुकै समयमा
	जलवायु परिवर्तन	मौसम प्रणालीको अनियमितताका कारण अत्यधिक वर्षा र गर्मीको जोखिम बढेको छ।	

ऐतिहासिक समयरेखा

२०१८ देखि २०२४ सम्म बुढानिलकण्ठ नगरपालिकामा कुल ९३ वटा जलवायु जन्य विपद् घटनाहरू रेकर्ड गरिएका छन्, जसमा सबैभन्दा बढी संख्या मानव सिर्जित आगलागीका घटनाहरूको रहेको छ। त्यसपछि बनजंगलमा फैलिने आगलागी र भारी वर्षा तथा बाढी तथा डुवानका घटनाहरू क्रमशः दोस्रो र तेस्रो स्थानमा रहेका छन्। यी विपद्हरूले नगरपालिका भित्र पर्ने १३ वडा मध्ये वडा नं११ लाई सबैभन्दा बढी प्रभावित पारेको देखिन्छ, भने क्रमश १३ र वडा नं १० पनि बढी प्रभावित हुने वडामा पर्दछन् । गरेको छ। यस अवधिमा घर-बासस्थान, कृषि क्षेत्र र सार्वजनिक पूर्वाधारमा ठूलो मात्रामा क्षति र आर्थिक हानि भएको मात्र होइन, सामाजिक जोखिम र आवत—जावतमा व्यवधानहरू समेत उत्पन्न भएका छन्।

तलका तालिकाले सबै १३ वडाहरूको विपद् घटनाहरूको ऐतिहासिक समयरेखालाई देखाउँछ। तल प्रस्तुत गरिएको तथ्याङ्क सार्वजनिक परामर्शबाट सङ्कलन गरिएको छ र सो तथ्याङ्क राष्ट्रिय तथा नगरपालिका प्रतिवेदनहरू र तथ्याङ्क स्रोतहरू मार्फत प्रमाणित गरिएको छ।

बुढानीलकण्ठ नगरपालिकाका वडाहरूमा आवधिक रूपमा आगलागी, पहिरो, डुवान र सडक दुर्घटना मुख्य प्रकोपका रूपमा देखा परेका छन् वडा : १ मा तौलुङ्ग चौतारा र शिवपुरी क्षेत्रमा ग्यास लिक र मानवीय गतिविधिबाट आगलागी, चौकी डाँडा र तारेभिरमा पहिरो र बाँदरको आतंक दोहोरिन्छ; वडा ▯२ मा सामुदायिक वन र चपली चोकमा आगलागी, नयाँ गणेश स्कुलमा पहिरो र वासिग-कामिटार सडकखण्डमा बढी गति कारण दुर्घटना हुन्छ; वडा▯३ मा फेदी गाउँमा बाढी, नारायणथान र मिलनचोकमा बारम्बार आगलागी, डाडा गाउँ र चप्ली क्षेत्रमा पहिरो तथा मिलनचोकमा सडक दुर्घटना हुन्छ; वडा▯४ मा विष्णुमति खोलामा डुवान, कार्की टोल र शिव मन्दिरलगायत स्थानमा आगलागी र कान्तिपुरमा पहिरो; वडा▯५ मा टुसाल र चिसेनीमा पहिरो, सामुदायिक वनमा डढेलो र सडकखण्डमा दुर्घटना; वडा▯७ मा गोल्फुटार र हात्तीगैडमा आगलागी, खोलाहरूमा डुवान र डठ्ठूमा सडक दुर्घटना; वडा▯८ मा गोल्फुटार, सिंम्पाखा र भँगालमा पहिरो र आगलागी; वडा▯९ मा मनकामना मन्दिर वरिपरि पहिरो, धोवीखोला मार्गमा डुवान र सडकमा दुर्घटना; वडा▯१० र वडा▯११ मा पहिरो र आगलागी घटनाहरू नियमित भइरहेका छन्। यी विविध जोखिमले वडास्तरमा सहजरूपमा पूर्वतयारी, संरचनात्मक सुधार तथा प्रभावकारी प्रतिक्रिया योजना अनिवार्य बनाएको छ।

तालिका १५ : वडाको ऐतिहासिक प्रकोपका घटनाहरूको सूचना (भौगोलिक)

क्र.स.	ऐतिहासिक घटना	मिति	भौगोलिक स्थान	क्षेत्रफल	अधिकतम तीव्रता	आवृति/मात्रा	अवधि	उत्पत्तिको स्रोत
वडा नं १								
१	आगलागी	२०७८	तौलुङ्ग चौतारा	-	-	-	-	खाना पकाउने ग्यास लिक
२	आगलागी	२०७७	शिवपुरी राष्ट्रिय निकुन्ज	२ वर्ग किलोमीटर	-	-	-	मानवीय गतिविधि
३	जनावर आतंक (बाँदर)	हरेक वर्ष	निलोपुल, सिमाली गाउँ, तौलुङ्ग, बदेली, फुलबारी मार्ग	-	-	हरेक वर्ष र बाहैंमास	-	
४	सर्प टोकाई	२०८०	तारेभिर	-	-	-	-	-
५	पहिरो	२०७९	चौकी डाँडा	-	-	-	-	-

क्र.स.	ऐतिहासिक घटना	मिति	भौगोलिक स्थान	क्षेत्रफल	अधिकतम तीव्रता	आवृति/मात्रा	अवधि	उत्पत्तिको स्रोत
वडा नं २								
१	डढेलो	२०७८	सामुदायिक वन	८-१० रोपनी	-	-	२ दिन	मानवीय
२	आगलागी	२०८०	चपली चोक	-	-	-	-	विद्युत सर्ट सर्किट
३	आगलागी	२०८१	चपली चोक	-	-	-	-	विद्युत पोल
४	सडक दुर्घटना	२०७६	वासिग	-	-	-	-	अधिक गति
५	सडक दुर्घटना	२०७५	कामिटार	-	-	-	-	अधिक गति
६	सडक दुर्घटना	२०८०						
७	पहिरो	२०८०	नयाँ गणेश स्कुल	१५ मी	-	-	-	भिरालो
वडा नं ३								
१	बाढी	२०६५ भाद्र १	ठूलो गाउँ, फेदी गाउँ				१	बर्षा, ग्रेनाट बाध बनेर फूटेको
२	आगलागी	२०८०	नारायण थान मंदिर नीर				१	खोला छेत्र अतिक्रमण, ग्यास पड़किएको
३	आगलागी	२०८१	मिलनचोक				१	बिद्धुत सट सर्किट
४	आगलागी	२०७७	नयाँचोक				१	
५	आगलागी	२०८१	चिसेनी					मानवीय
६	आगलागी	२०८१	जनसेवा गुम्बा जंगल					मानवीय
७	आगलागी	२०८१	स्वास्थ्य चौकी अगाडि					स्लोप बर्षा
८	पहिरो	२०८१	डाडा गाउँ			वर्षेनी		
९	पहिरो	२०८१	चपली					
१०	पहिरो	२०८१	ठूलो गाउँ					
११	आगलागी	२०८१	नारायणथान मंदिर					बिद्धुत सट सर्किट

क्र.स.	ऐतिहासिक घटना	मिति	भौगोलिक स्थान	क्षेत्रफल	अधिकतम तीव्रता	आवृति/मात्रा	अवधि	उत्पत्तिको स्रोत
१२	बन्यजन्तु बादर	प्रत्येक वर्ष, प्रत्येक दिन	नारायण थान मंदिर					
१३	सडक दुर्घटना	२०७२-२०७३	मिलन चोक					
वडा नं ४								
१	डुवान	बिष्णु मति खोला /बसंथाली	२०७२					
२	पहिरो	कान्तिपुर	२०८१					
३	आगलागी	२०८१	कार्की टोल	१ जनाको मृत्यु				
४	आगलागी	२०८०	शिव मन्दिर					दमकल ले निवाएको
५	आगलागी	थापा गाउँ	२०७९	कुखुरा फार्म				
वडा नं ५								
१	पहिरो	७५-६६	टुसाल					भिरालों + Planning law
२	पहिरो	७२-७३	चिसेनी					भिरालों प्राकृतिक
३	पहिरो	२०८१	बिष्णु द्वार मन्दिर नजिक					
४	डढेलो	हरेक बर्ष	मध्यवर्ती सामुदायिक वन					मानवीय
५	आगलागी	७५	टुसाल					ग्यास पड्केको
६	जनावर आतंक	प्रत्येक बर्ष	थप भएको					
७	सड़क दुर्घटना	७४-७५	स्कूल अगाडि					ओभर स्पीड
वडा नं ७								
१	सड़क दुर्घटना		डठठू					

क्र.स.	ऐतिहासिक घटना	मिति	भौगोलिक स्थान	क्षेत्रफल	अधिकतम तीव्रता	आवृति/मात्रा	अवधि	उत्पत्तिको स्रोत
२	आगलागी	२०७८	गोल्फुटार					विद्धुतिय सट सर्किट
३	आगलागी	२०७८	हात्ती गैडा					विद्धुतिय सट सर्किट विद्धुतिय सट सर्किट
४	डुवान	८१ (बर्षेनी)						खोल सांगूरों
५	डेंगू	२ जन						
वडा नं ८								
१	पहिरो	२०८१	गोल्फूटार					पानिले
२	पहिरो	२०८१	सिंमपाखा					पानिले
३	पहिरो	२०८१	हात्तीगैड					अत्याधिक पानिले
४	पहिरो	२०८१	भँगाल					अत्याधिक पानिले
५	आगलागी	२०८१	भँगाल					बत्ती,सटसर्किट
६	डुवान		जगगांनाथ मंदिर					वर्षा-ढल सानो भएको खोलामै ढल सागूरों
७	डुवान		सृजनसिल टोल					वर्षा
८	डुवान		सुंदरबस्ती, पाईप कारखाना					वर्षा
वडा नं ९								
१	भूकम्प							
२	पहिरो	२०८१	मनकामना मन्दिर/वर् बोट					
३	आगलागी		वडा भरी					
४	आगलागी	६१	कपास कारखाना					
५	आगलागी	७२-७३	सेतो गणेश (बिद्युत)					
६	डुवान	२०७९	धोवीखोला करिडोर					मितेरी पुल एकता बस्तीको पहेंलो पुल सानो हुँदा

क्र.स.	ऐतिहासिक घटना	मिति	भौगोलिक स्थान	क्षेत्रफल	अधिकतम तीव्रता	आवृति/मात्रा	अवधि	उत्पत्तिको स्रोत
								निकास सानो भएको
७	सडक दुर्घटना	७६-७७	जनचोक					
८	सडक दुर्घटना	७१ साल	GATE college					
९	सडक दुर्घटना	२०८०-८१	पहेंलो पुल					
१०	सडक दुर्घटना	नियमित						
११	विद्युत दुर्घटना (high voltage line)	७२-७३	जनचोक					
१२	जनावर आतंक		जनचोक कुमारी मन्दिर क्षेत्र					
वडा नं १०								
१	पहिरो	२०८१ असोज	आकाशे धारा/राममन्दिर मार्ग/सुगम टोल					अधिक वर्षा
२	पहिरो	२०८१ असोज	सुगम टोल/नगर अस्पताल दक्षिण ५०० मिटर					अधिक वर्षा
३	पहिरो	२०८१ असोज	नगर अस्पतालको ५० मिटर					
४	बाढी (१० र १२ को सिमाना)	७७-७८	आरम्भ चोक (मानिस १० को)					मंगल खुला रहेको
५	सडक दुर्घटना							
वडा नं ११								
१	आगलागी	७९	कपन, राममन्दिर छेउ					सिलिन्डर पड्केको

क्र.स.	ऐतिहासिक घटना	मिति	भौगोलिक स्थान	क्षेत्रफल	अधिकतम तीव्रता	आवृति/मात्रा	अवधि	उत्पत्तिको स्रोत
२	आगलागी	८१ फाल्गुन	लसुनटार					मानवीय
३	आगलागी	७२-७३	पैयाँतार					मानवीय
४	आगलागी	२०७७	लसुनटार खेल मैदान नजिक					विद्युत सत्रसर्किट
५	पहिरो	८१ साउन/अशोज	राम मन्दिर खाने पानी ट्यांकी आगाडि					पानी
६	पहिरो		न्यु स्याडल आगाडि					
७			ग्राम शिक्षा स्कुल					
८			जगडोल/जनजागृति स्कुल					
९			ढुंगेपाखा मुनि					
१०			केन्द्रीय विशेष कार्यदल (जनपथ प्रहरी गेट)					
११			झन्डा पार्क मुनि					
१२			पैयाँटार					
१३			पैयाटार/ठुल्धरा मुनि					
१४			जगलादेवी पार्क					
१५			राममन्दिर नजिक					
१६			लसुनटार खेल मैदान					
१७			स्तुपा/पैयाँतार हाईट/मंजो भक्सा स्कुल आगाडि					
१८	डुवान	हरेक वर्षा	कपन, गुरुङ टोल					
१९	हावाहुरी	२०७७	कपन					
२०	सडक दुर्घटना	२०७८	ढुंगेधारा खानेपानी आगाडि					बाईक चिप्लेको, सडक निर्माण स्थलमा

क्र.स.	ऐतिहासिक घटना	मिति	भौगोलिक स्थान	क्षेत्रफल	अधिकतम तीव्रता	आवृति/मात्रा	अवधि	उत्पत्तिको स्रोत
२१	सडक दुर्घटना	२०७० २०७८	खरिबोट आनिगुम्बा पर्खाल					टिफर ले बसेको मान्छे लाईलाई हानेको पर्खाल बाट लडेको
वडा नं १२								
१	भूकम्प							
२	डुबान	हरेक वर्ष	यज्ञमति खोला					सहरीकरण/बस्ती विस्तार
३	डुबान	२०८७						
	सडक दुर्घटना	२०७५	मुस्कान चोक					
	सडक दुर्घटना	२०७६						
वडा नं १३								
१	आगलागी	प्रत्येक वर्ष	वन जंगल					
२	पहिरो	२०८१	जगडोल सापाटार टुपेक देवपार्क					
३		७४-७५	जगडोल सापाटार कौडोल					
४		७७	गाम्चा					
५	डुवान	२०८१, पछिल्लो ५ वर्ष	च्याने खोला					
६	डुवान	करिडोर निर्माण पश्चात, ४-५ वर्ष	नयाँ बस्ती					
७	सडक दुर्घटना	२०७८	पुकुचा					
८	बाईक दुर्घटना	नियमित	भाइरल सडक					

क्र.स.	ऐतिहासिक घटना	मिति	भौगोलिक स्थान	क्षेत्रफल	अधिकतम तीव्रता	आवृति/मात्रा	अवधि	उत्पत्तिको स्रोत
९	हावाहुरी	नियमित	नायबु, वोटाबू					

बुढानीलकण्ठ नगरपालिकाका विभिन्न वडाहरूमा पछिल्लो केही वर्षयता विविध प्रकारका विपद्हरू (आगलागी, पहिरो, डुबान, सडक दुर्घटना, जनावर आतंक, डढेलो आदि) का कारण मानवीय, भौतिक, आर्थिक, सामाजिक र प्राकृतिक क्षति भएको देखिन्छ।

मानवीय क्षति तर्फ, वडा १ मा १ जनाको मृत्यु र १ जना घाइते, वडा ४ मा बाढी-पहिरोबाट १ जनाको मृत्यु, वडा ७, ९, १०, ११, १२ र १३ मा मृत्यु तथा घाइते भएका कैयौं घटना देखिन्छन्। वडा ११ मा आगलागीबाट एकैपटक ४ जनाको मृत्यु भएको घटना छ।

आर्थिक क्षति हेर्दा, आगलागीबाट वडा २, ७, ८ मा लाखौंको क्षति (१२ लाख, ३०-३५ लाखसम्म) भएको छ।

